## मासुको विवरण : Detail Specifications / Requirement

१. **मासु आपूर्ति गर्नु पर्ने अवधि** : सम्झौता अनुसारको मिति देखि २०७८ आषाढ मसान्त सम्म ।

२. **अनुमामनित वार्षिक आवश्यक परिमाण** : रांगा आपूर्तिकर्ताले पटकपटक गरी चालु आ.व.मा ३० वटा वयस्क रांगा (थपघट हुन सक्ने) उपलब्ध गराउनु पर्नेछ ।

३. **मासुको विवरण** : मासुको लागि रांगा आपूर्तिकर्ताले उपलब्ध गराएका रांगाहरुलाई तोकिएको बधशालामा बध गरीने छ । प्रत्येक रांगाबाट १५० किलो (खुट्टा, पुच्छर, कान, जिब्रो, आन्द्रा, भुंडी बाहेकको मासु) भन्दा बढी मासु हुनुपर्ने छ । उक्त मासु करिब ७ देखि १० दिनको लागि पर्याप्त हुने छ ।

४. **बधशाला र क्वारेन्टाइन स्थान** : क्वारेन्टाइन स्थान भरतपुर महानगरपालिका वडा नं २३, घैलाघारीमा हुनेछ र बधशाला चितवन राष्ट्रिय निकुञ्ज, गिद्द संरक्षण तथा प्रजनन् केन्द्र, कसरा क्षेत्रमा हुनेछ । रांगा आपूर्तिकर्ताले क्वारेन्टाइन स्थानमा रांगा उपलब्ध गराउनु पर्ने छ ।

५. रांगा आपूर्तिकर्ताले नियमित रुपमा आन्तरिक परजीवी बिरुद्द औषधीहरु खुवाइएका शारिरिक रुपमा स्वस्थ रहेका कम्तिमा पनि ३ वर्ष उमेर पुगेका वयस्क रांगाहरु खरिद गरी कार्यालयले तोकेको क्वारेन्टाइन स्थानमा रांगाहरुको उधगम् स्थल (Origin) हरु आफैले प्रमाणित उपलब्ध गराउनु पर्ने छ ।

६. क्वारेन्टाइनमा पालेर राखिएका रांगाहरुलाई १० दिनसम्म पूर्ण रुपमा प्राकृतिक आहार मात्र खुवाएर केन्द्रका पशु चिकित्शक वा प्राविधिकको प्रत्यक्ष निगरानीमा राखिने छ । सो अवधिमा रांगाको मृत्यू भएमा सो रांगाको भूक्तानी गर्न केन्द्र वाध्य हुने छैन ।